# नागरिक-सैनिक सम्बन्धः वर्तमान अवस्था, चुनौती र अवसर

डा. अंगराज तिमिल्सिना


### लेखसार

*राष्ट्रिय सुरक्षाका मामिलामा मात्र होइन संविधान र लोकतन्त्रको रक्षाका लागि देशको सेनाको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ भने देशको शान्ति, स्थायित्व, समग्र बिकास र सम्वृद्धि तथा देशको वैदेशिक नीति र कूटनीतिमा समेत सेनाले महत्त्वपूर्ण योगदान दिन सक्छ। तर यसका लागि सबल र प्रभावकारी नागरिक-सैनिक सम्बन्धको आबश्यकता पर्दछ।*

*नागरिक-सैनिक सम्बन्धलाई प्रभाबकारी बनाउन एकातिर देशको नागरिक नेतृत्व, नागरिक समाज र कर्मचारीतन्त्रमा सुरक्षासम्बन्धी पर्याप्त ज्ञान र अनुभव हुनु आबश्यक छ भने अर्कोतिर उत्तरदायित्व र जबाफदेहिताका हिसाबले सेनाको तालिम र नेतृत्व बिकाससँगै नागरिक नेतृत्वको वैध र न्यायसंगत आदेश अक्षरश : पालना गर्नुपर्छ भन्ने मान्यता स्थापित हुनु जरुरी छ।*

*यसका अतिरिक्त नागरिक र सैनिक नेतृत्वबिचको नियमित संबाद र सह-कार्यको त्यत्तिकै महत्त्व हुन्छ भने सुरक्षाबारे संवेदनशील कुरा बाहेक सेनाको नियमित काम-कार्बाही, सैनिक बजेट, खर्च र कोष परिचालन आदिमा पारदर्शिता बढाउने काम गरे तथा सेनाभित्र दण्डहीनता छ भन्ने आरोपलाई सम्बोधन गर्न नेपाली सेनाले बिश्वब्यापी मान्यतालाई आत्मसात् गरे आम-नागरिकमा सेनाप्रति विश्वास र भरोसा अझै बढ्नेछ।*

*सेनापति पूर्णचन्द्र थापाको नेतृत्वमा सेनामा सुशासन र सुधारका कार्यक्रम सुरु हुनु आफैँमा सराहनीय छ र यी सुधारहरूलाई सेनाको भाबी नेतृत्व बिकाससँग जोडेर संस्थागत गर्नुपर्छ, किनकि सेनाको लोकतान्त्रीकरण भन्नाले नागरिक नेतृत्वको नियन्त्रणका अतिरिक्त सेनाको व्यावसायिक बिकास अनि सेनामा सुशासन र सुधारप्रतिको प्रतिबद्धता हो भनेर बुझ्नुपर्ने हुन्छ।*

*नेपालको राष्ट्रिय सुरक्षाको संरचनात्मक सुधारका कुरा गर्दा अमेरिका र भारतमा जस्तै राष्ट्रिय सुरक्षा परिषद्को पुन : संरचना गरेर नीतिगत, व्यावसायिक र संयोजनकारी क्षमता बढाउनु जरुरी छ।*


**शब्दकुञ्जीः** नागरिक-सैनिक सम्बन्ध, नेपाली सेना, सेनामा सुधार, सेनाको व्यावसायिकता, राष्ट्रिय सुरक्षा परिषद्।

### पृष्ठभूमि

लोकतन्त्रको संस्थागत विकास र देशको समृद्धिका लागि अनेक चुनौती खेपिरहेका नेपाल लगायत देशहरूका लागि गम्भीर बहस अत्यन्त महत्त्वपूर्ण छ। देशमा कसरी प्रभावकारी सेनाको विकास गर्न सकिन्छ ताकि सेना लोकतन्त्रका लागि चुनौती नहोस् ? सेनालाई स्वतन्त्र छोडेर व्यावसायिकताको विकास गर्नुपर्छ वा नागरिकको अधीनमा राखेर लोकतन्त्रको रक्षा गर्नुपर्छ भन्ने कुरा के एक-अर्कामा पारस्परिक रुपले भिन्न छन् ? (Mukahrjee, 2019)

लोकतन्त्रका हितमा सेनामाथि नागरिक नियन्त्रण वा निगरानी कुन राम्रो रणनीति हो ? सेनाको लोकतान्त्रीकरण (Democratization of Army) भनेर केलाई बुझ्ने ? सेनालाई एक्लै छोडिदिने वा समाजको बृहत्तर हितलाई ध्यानमा राखेर नागरिक र सेनाबीचमा संवाद, सहकार्य र सहअस्तित्वमा जोड दिने ? यिनै प्रश्नहरूको उत्तर दिन यस लेखले विश्वका अरु देशको अनुभव, नागरिक-सैनिक सम्बन्धबारे प्रतिपादित

सिद्धान्त र इतिहाससँगै नेपाली सेनामा आएको क्रमिक सुधारलाई केलाउने प्रयास गरेको छ ।

**नागरिक–सैनिक सम्बन्धबारे अरु देशको अनुभव**

सन् २०११ को 'National Military Strategy' मा अमेरिकाका सेनाध्यक्षले लेखेका थिए, 'सेनामाथि नागरिक नेतृत्वको नियन्त्रण अमेरिकी गणतन्त्रको मूल सिद्धान्त हो, जसलाई सेनाले सधैँ रक्षा गरेर राख्नेछ भने सेना राजनीतिमा तटस्थ (Apolitical) संस्था हो र यो तटस्थता रहिरहने छ ।' (Chairman of the Joint Chiefs of Staff, 2011, p. 16)

सन् २०१० मा अमेरिकी राष्ट्रपति बाराक ओबामाले प्रख्यात पत्रकार बब उड्वार्डलाई के भनेका थिए भने, 'न त म सेनासँग डराउँछु, न मलाई लाग्छ सेनाले मेरो प्रमुख कमाण्डरको भूमिकालाई नै कमजोर बनाइरहेको छ । मलाई आत्मविश्वास के छ भने नीति-नियम बनाउने काम नागरिक नेतृत्वको हो र सेनाले यिनै नीति-नियमको कार्यान्वयन गर्ने हो ।' (Woodward, 2010, p. 377)

माथिका भनाइले व्यावसायिकता र नेतृत्व विकासका दृष्टिले अब्बल ठानिने अमेरिकी सेना र लामो प्रजातान्त्रिक इतिहास बोकेको नागरिक नेतृत्वबीचको लक्ष्मणरेखाबारे सन्देश दिन्छन् । सेना राजनीतिबाट तटस्थ रहन्छ, तर नागरिक नेतृत्वप्रति उत्तरदायी पनि हुन्छ । अमेरिकामा राष्ट्रपतिप्रतिको निष्ठाका अतिरिक्त संसद्का सुनुवाइमा भाग लिई देशको सुरक्षाबारे 'बृफिङ' दिएर सेना संसद्प्रति पनि जिम्मेवार देखिन्छ । नीति बनाउँदा विभिन्न विकल्पबारे सेनाले नागरिक नेतृत्वलाई सुझाव दिने गरे पनि राष्ट्रपति, रक्षामन्त्री, सुरक्षा सल्लाहकार तथा संसद्को निर्देशन पालना गर्नु र नागरिक नेतृत्वले बनाएको सामरिक, सुरक्षा एवं सैन्य नीतिको कार्यान्वयन गर्नु सेनाको मूल कर्तव्य हो ।

सहकार्यका हिसाबले अमेरिकामा सैनिक नेतृत्व र नागरिक नेतृत्वबीचको सम्बन्ध हेर्दा एकअर्कासँग घाँटी जोडिएजस्तो देखिन्छ । सेना र सुरक्षासम्बन्धी पत्रकार सम्मेलन गर्दा रक्षामन्त्री र सेनाको नेतृत्व प्रायः सँगै उभिएर जवाफ दिने गर्छन् । नीतिगत र समग्र मामिलामा मन्त्रीले जवाफ दिने र प्राविधिक एवं संगठनसम्बन्धी कुरा भए सेनाको नेतृत्वले जवाफ दिने चलन छ । समग्रमा जनतामा सेनाप्रति ठूलो आदर छ । (ग्यालोप सर्वेक्षण, सं. २०१८)

भारतको ७० वर्षभन्दा बढीको प्रजातान्त्रिक इतिहासको सबल पाटो नागरिक-सैनिक सम्बन्ध पनि हो । पाकिस्तानमा नागरिक नेतृत्वलाई अपदस्थ गरी सेनाले कैयौं पटक शासनसत्ता हातमा लिँदा भारतमा नागरिक नेतृत्वप्रति सेना पूर्ण उत्तरदायी र जवाफदेही मात्र छैन, सेनाप्रति समाजको त्यत्तिकै आदर छ । आलंकारिक रुपले सेनाको सर्वोच्च नेतृत्व भारतका राष्ट्रपतिले गरे पनि देशको कार्यकारी प्रधानमन्त्री, मन्त्रिमण्डल, राष्ट्रिय सुरक्षा परिषद् र रक्षा मन्त्रालयले सेनाको परिचालन, खटनपटन, व्यवस्थापन र रेखदेख गर्ने गर्छन् ।

सन् १९९८ मा प्रधानमन्त्री अटलविहारी बाजपेयीले राष्ट्रिय सुरक्षा र रणनीतिक मामिलामा प्रधानमन्त्रीलाई सल्लाह र सुझाव दिनका लागि राष्ट्रिय सुरक्षा परिषद्को स्थापना गरे । यससँगै राष्ट्रिय सुरक्षा सल्लाहकार र उपसल्लाहकारको नियुक्ति गर्न थालियो । राष्ट्रिय सुरक्षा सल्लाहकारका अतिरिक्त रक्षा, गृह, परराष्ट्र र अर्थमन्त्री अनि राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई राष्ट्रिय सुरक्षा परिषद्को सदस्य राखियो ।

भारतमा राष्ट्रिय सुरक्षा परिषद्को तीन तहको संरचना छ भने, राष्ट्रिय सुरक्षा सल्लाहकारलाई शक्तिशाली र महत्त्वपूर्ण पद मानिन्छ, किनकि उनको अध्यक्षतामा मन्त्रिपरिषद् सचिव, राष्ट्र बैंकका गभर्नर, सबै मुख्य मन्त्रालयका सचिव, स्थल, जल तथा वायु सेनाका प्रमुखहरू, गुप्तचर संस्थाका प्रमुख, करदेखि परमाणु र अन्तरिक्षसम्बन्धी संस्थाका प्रमुख सदस्य रहने रणनीतिक नीति समूह (Strategic Policy Group) को गठन गरिएको छ । देशका प्रमुख सुरक्षाविद्को सुझाव र सल्लाह लिन एउटा राष्ट्रिय सुरक्षा सुझाव

बोर्ड (National Security Advisory Board) पनि छ। सूचना र जासुसीसम्बन्धी काममा एकरुपता कायम गरी सुरक्षा परिषद्लाई सघाउन मन्त्रिपरिषद् सचिवको मातहतमा सबै गुप्तचर संस्थालाई समेटेको संयुक्त सूचना समिति (Joint Intelligence Committee) भन्ने संयन्त्र छ। (Raghavan, 2019, pp. 33-52)

भारतमा हालसालै राष्ट्रिय सुरक्षा सल्लाहकार र सुरक्षा परिषद्का संरचनाका अतिरिक्त स्थल, जल र वायु तिनवटै सेनाबीच सबल समन्वयका साथ नागरिक नेतृत्वसँगको सम्बन्ध, संवाद र सहकार्यलाई अझै प्रभावकारी बनाउन रक्षा मन्त्रालयमा मन्त्रीसँगै बसेर काम गर्ने, अनि मन्त्रालयको सेनासम्बन्धी विभागको सचिवसमेत रहने गरी 'चिफ अफ डिफेन्स स्टाफ' को नयाँ पद सिर्जना गरिएको छ। (The Economist, 2020)

**नागरिक-सैनिक सम्बन्ध भनेको के हो ?**

नागरिक-सैनिक सम्बन्धको एउटा मात्र मान्य हुने परिभाषा पाइँदैन। समग्रमा नागरिक-सैनिक सम्बन्ध भन्नाले समाज वा देशका नागरिकसँग सेनाको कस्तो सम्बन्ध छ भनेर बुझ्नुपर्ने हुन्छ। निर्दिष्ट रुपले भन्ने हो भने नागरिक-सैनिक सम्बन्धलाई सरकारमा रहेको नागरिक नेतृत्व (Civilian Authority) र सैनिक प्राधिकारी (Military Authority) बीचको सम्बन्ध भन्ने जनाउँछ। प्रामाणिक धारणा (Normative Assumptions) अनुसार परिभाषित गर्दा सैनिक-नागरिक सम्बन्धलाई सेनामाथिको नागरिक नेतृत्वको नियन्त्रण (Civilian Control) भनेर बुझिन्छ। (Bruneau and Cristiana, 2013, p. 17)

विश्वका धेरै देशमा प्रजातन्त्रको अभ्युदय हुनुपूर्व नागरिक-सैनिक सम्बन्धलाई राष्ट्रलाई बाह्य आक्रमणबाट बचाउने प्रसंगमा बुझिन्थ्यो। राष्ट्र बचाउने जिम्मेवारी पाएको सेना यदाकदा आफ्नो भूमिका र त्यागका हिसाबले आफू नागरिक नेतृत्वभन्दा माथि रहेको भनेर शक्ति सञ्चय गर्ने गर्थ्यो।

विश्वमा जब एकातिर लोकतन्त्र संस्थागत हुँदै गयो, अर्कोतिर सुरक्षा र शान्ति कायम गर्ने नाममा सेनाले चलाएका शासनहरू असफल हुँदै गए। त्यसपछि सत्ता चलाउँदा जनताद्वारा चुनिएर आउने नागरिक नेतृत्वलाई गल्ती गर्ने छुट हुने (Right to be wrong) भयो, किनकि नागरिक नेतृत्व चुनावमार्फत् सच्चिने मौका पाउँछ, तर देशको सुरक्षाको जिम्मा लिएको सेनालाई यस्तो गल्ती गर्ने छुट नभएकाले सेना राजनीतिमा हात नहालेर नागरिक नेतृत्वको नियन्त्रणमा बस्नुपर्छ भन्ने मान्यता बलियो हुँदै गयो।

नागरिक-सैनिक सम्बन्धबारे प्रतिपादित सिद्धान्तलाई केलाउँदा चर्चित राजनीतिशास्त्री स्यामुयल हन्टिङ्टनको सन् १९५७ मा लेखिएको 'The Soldier and the State' भन्ने पुस्तक चर्चामा छ। (Huntington, 1957)

हन्टिङ्टनले सेना पुरातनवादी (Conservative) र नागरिक नेतृत्व उदारवादी (Liberal) हुन्छ मात्रै भनेनन्, विश्वयुद्धको अनुभव सँगालेर आएको सेनामाथि नागरिक नेतृत्वले धेरै नियन्त्रण गरे युद्धमा सेना कमजोर हुने र अर्कोतिर सेनाले 'कु' गर्न पनि सक्छ भन्ने धारणा राखे।

तसर्थ सेनामाथि आत्म परक नियन्त्रण (Subjective Control) होइन कि वस्तुपरक नियन्त्रण (Objective Control) हुनुपर्छ, सेनालाई प्रजातान्त्रिक शक्ति (Democratic Force) का रुपमा होइन कि व्यावसायिक सेना (Professional Military) का रुपमा विकास गर्नुपर्छ, जसका लागि सेनालाई आफ्नो संगठन चलाउने स्वतन्त्रता (Autonomy) दिइनुपर्छ भन्ने तर्क हन्टिङ्टनले अगाडि सारे। (Huntington, 1957)

हन्टिङ्टनको मान्यतालाई थप व्याख्या गर्नेहरूको निचोडअनुसार नागरिक-सैनिक सम्बन्ध भनेको सेनामाथि विशुद्ध नियन्त्रण मात्रै होइन। स्वस्थ नागरिक-सैनिक सम्बन्ध (Healthy Civil(Military Relations) र

प्रभावकारी नागरिक नियन्त्रण (Effective Civilian Control) का लागि समग्रमा निम्न लिखित कुराहरू आवश्यक छन्-

- व्यावसायिक रुपले सेनालाई आफ्नो काम-कर्तव्य निर्वाह गर्न स्वतन्त्रता (Professional Autonomy) दिने ।
- सुरक्षासम्बन्धी नीति निर्माणका क्रममा सेनालाई संलग्न गर्ने, तर सेना सत्ता राजनीतिबाट टाढा रहनुपर्ने ।
- नागरिक नेतृत्वसँग सेनाको कामकारवाहीलाई प्रभावकारी रुपले निरीक्षण र पर्यवेक्षण (Effective Oversight) गर्ने क्षमता हुनुपर्ने, र
- सेनाप्रतिको आस्था र आदर उच्च बनाउन सेनाले आम नागरिकसँगको सम्बन्धमा सुधार ल्याउनुपर्ने ।

यद्यपि मोरिस जेनोविज लगायतका समाजशास्त्रीहरूले मनोवृत्ति (Attitude) र मूल्यमान्यता (Values) का आधारमा नागरिक नेतृत्व र सेनालाई दुई भिन्न समाजमा बाँड्न खोज्नु वस्तुपरक र यथार्थवादी होइन भन्ने तर्क गरे । सेना भनेको पनि समाजकै हिस्सा हो र यसले समग्र समाजकै प्रतिनिधित्व गर्छ भन्ने मोरिस जानोवित्जको मत छ । (Janowitz, 1960)

सहअस्तित्व र सामन्जस्यको सिद्धान्त (Concordance Theory) ले समेत सेना, राजनीतिक नेतृत्व र नागरिक समाज सबै मिलेर देशको सुरक्षा नीति बनाउने, त्यसको अपनत्व ग्रहण गर्ने र त्यसलाई सबै मिलेर कार्यान्वयन गर्नुपर्ने तर्क दिन्छ । (Schiff, 1995)

एक्काइसौँ शताब्दीको लोकतन्त्र र भूमण्डलीकरणको युगमा राष्ट्रिय सुरक्षा, कूटनीति र परराष्ट्र नीति, देशको विकास, स्थिरता, नागरिकको सुरक्षा र समृद्धि एक आपसमा जोडिएका हुन्छन् । जस्तो कि सैनिक कूटनीति (Military Diplomacy) देशको परराष्ट्र नीति र सुरक्षा नीति दुवैको हिस्सा हो ।

नागरिक-सैनिक सम्बन्ध सबल बनाउन नेतृत्वको नैतिक पक्षको पनि त्यत्तिकै हात हुन्छ । अमेरिकाको गृहयुद्धका बेला नेतृत्व दिने राष्ट्रपति अब्राहम लिंकन, दोस्रो विश्वयुद्धताका बेलायती सेनालाई परिचालन गर्ने प्रधानमन्त्री विन्स्टन चर्चिल, प्रथम विश्वयुद्धमा सेना परिचालनमा ख्याति कमाएका फ्रान्सका प्रधानमन्त्री क्लेमेन्सो र स्विज नहरको विवादमा इजरायलको सेना परिचालन गर्ने प्रधानमन्त्री बेन गुरिवनको सेनासँगको सम्बन्ध बराबरको संवाद (Equal Dialogue) मा आधारित मात्र थिएन, यी सेनाका लागि आदर्श नेतृत्व थिए ।

अर्कोतिर विश्वका केही देशमा सेनालाई धेरै स्वशासनको अधिकार (Autonomy) दिएर खुसी बनाउने अनि नागरिक शासकहरू सत्तामा टिकिरहने उदाहरणहरू पनि छन् । सेनाद्वारा 'कु' गर्ने कुनै प्रयास गरेको छैन भन्दैमा नागरिक-सैनिक सम्बन्ध बलियो छ भन्ने चाहिँ होइन । सेनाले राजनीतिक सम्भ्रान्त वर्ग (Political Elites) लाई मात्रै सेवा पुऱ्याइरहेको छ वा समग्रमा समाजका लागि सेवा पुऱ्याइरहेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

सेनाको नागरिकसँग थोरै मात्रै सम्पर्क र सम्बन्ध हुनु, सुरक्षासम्बन्धी कुरामा सेनाको नेतृत्वको मात्रै हैकम (Monopoly) रहनु, सुरक्षा मन्त्रालय वा अरु निकायका नागरिक नेतृत्वले गर्न सक्ने कामहरू समेत सेनाले नै गर्ने कोसिस गर्नु आदिले पक्कै पनि कमजोर नागरिक-सैनिक सम्बन्धको छनक देखाउँछ । अर्कातिर नागरिक नेतृत्वका सामु सेनाले फरक मत (Dissent) राख्यो भने यसलाई अवज्ञा वा आज्ञाको उल्लंघन (Disobedience) ठान्नु हुँदैन । अमेरिका, बेलायत वा अन्य विकसित मुलुकमा देशको सुरक्षाका मामिलामा सेनाले आफ्नो अनुभव र सुझबुझका आधारमा सल्लाह दिने चलन छ । कुन नीतिगत निर्णय गर्ने भन्ने चाहिँ नागरिक नेतृत्वको विवेकमा भर पर्छ ।

समग्रमा भन्दा प्रभावकारी नागरिक-सैनिक सम्बन्धका लागि निम्न लिखित तीन कुरा आवश्यक छन्-

■ लोकतन्त्रमा राष्ट्रिय सुरक्षा, सैनिक रणनीति र घरेलु नीति आदिमा अन्तिम निर्णय गर्ने प्राधिकार (Final Say) सेनाको नभएर नागरिक नेतृत्वको हो भन्ने बुझाइ सेनाको नेतृत्व विकाससँगै संस्थागत गर्न सक्नुपर्छ ।

■ नागरिक नेतृत्वले गरेको निर्णय कानुनसम्मत, वैध र न्यायसंगत (Legitimate and Lawful) हुनुपर्छ । जस्तो कि संविधान वा कानुनमा संशोधनबिना सेनाको संरचना वा अरु कुनै पक्षलाई नियन्त्रणका नाममा चलाउन खोज्दा समस्या आउँछ ।

■ नागरिक नेतृत्वको सेनामाथिको नियन्त्रण, निगरानी र सर्वोच्चताको कुरा गर्दा समग्र नागरिकको प्रतिनिधित्व गर्ने संसद् तथा संविधान र कानुनको व्याख्या गर्ने न्यायालयको पनि ठूलो हात हुन्छ । (Ray, 2013, pp. 2-4)

सेना आदेशको अनुक्रम (Chain of Command) मा चल्ने संगठन भएकाले चुनावद्वारा नेतृत्व छान्ने वा बहुमतीय प्रणालीद्वारा निर्णय गर्ने नियम व्यावहारिक हुँदैन । तसर्थ सेनाको लोकतन्त्रीकरण भन्नाले यसरी बुझ्नुपर्ने हुन्छ-

- सेनाले नागरिक नेतृत्वको वैध र कानुनी आदेश संविधानतः शिरोपर गरेको छ ।
- देशभित्रका र देशले अवलम्बन गरेका अन्तर्राष्ट्रिय कानुनको पूर्ण पालना गरेको छ ।
- मानव अधिकारका सवालमा संवेदनशील छ ।
- सुशासन एवं सदाचारलाई संगठन सञ्चालन र कार्य सम्पादनको मुख्य कडीका रुपमा स्थापना गरेको छ । (Adhikari, 2015)

**नागरिक-सैनिक सम्बन्धका चुनौती र अवसरहरूः**

नागरिक-सैनिक सम्बन्धबारे नेपालको वर्तमान अवस्थाको चर्चा गर्दा निम्न लिखति पक्षलाई हेर्नुपर्ने हुन्छ-

राजनीतिक क्षेत्र र सैनिक क्षेत्रबीच कत्तिको संवाद छ ? नागरिक नेतृत्व, नेपालको निजामती सेवा र समग्रमा नागरिक समाजमा राष्ट्रिय सुरक्षाबारे कत्तिको विज्ञ छ ? नेपालको संस्थागत संरचना नागरिक-सैनिक सम्बन्धलाई बलियो बनाउने खालको छ वा छैन ? सेनासँग संवाद र सहकार्यबिना आफ्नो कामकारवाही एक्लै गर्ने स्वअधिकार (Autonomy) कतिको छ ?

नेपालको राजनीतिक र सैनिक नेतृत्वबीच संवाद र उठबस नियमित जस्तो देखिए पनि एकातिर मुख्य राजनीतिक पार्टीहरूमा सेना र राष्ट्रिय सुरक्षासम्बन्धी अनुभव, ज्ञान र दक्षतामा कमी र अर्कोतिर राजनीतिक कार्यकर्ताको र नागरिक समाजको स्तरमा सेनासँग संवाद र सहकार्यमा कमी छ भनिन्छ। नेपालका राजनीतिक पार्टीहरूले सेना र राष्ट्रिय सुरक्षाबारे आफ्ना कार्यकर्तालाई कमै तालिम दिन्छन् । सेनाको आकार, सञ्चालन, संरचना र नेतृत्व विकास, सैनिक बजेटको तर्जुमा र खर्च, सैनिक कोषको व्यवस्थापन, सुरक्षा नीतिको कार्यान्वयन आदि कसरी भइरहेको छ भन्नेबारे ठूला दलहरूमा विरलै अध्ययन र छलफल हुन्छ। नेपालका विश्वविद्यालयमा राष्ट्रिय सुरक्षा र सामरिक महत्त्वबारे कमै पठनपाठन वा अनुसन्धान हुने गर्छ ।

नागरिक समाज र नागरिक नेतृत्वमा सुरक्षासम्बन्धी विज्ञतामा कमी भएका कारण अक्सर सेनाकै एकाधिकार (Monopoly) भएको भन्ने गरिन्छ भने, नेपालमा भारत वा अमेरिकामा जस्तो न त राष्ट्रिय सुरक्षा सल्लाहकारको संरचना छ, न नीतिगत अनुसन्धान, विश्लेषण र संयोजनका लागि राष्ट्रिय सुरक्षा परिषद्को भूमिका नै प्रभावकारी छ ।

नेपाली सेनाको पृष्ठभूमि हेर्दा पञ्चायतकालमा सिंहदरबारमा बस्ने नागरिक नेतृत्वसँग होइन कि, नारायणहिटीमा रहने राजाप्रति सेनाको लगाव र निष्ठा थियो । धेरै हदसम्म वि.सं. २०४७ पछिको प्रजातान्त्रिक कालमा समेत राष्ट्र र राजतन्त्रको सुरक्षाको मुख्य लक्ष्य

(Misison) बोकेको शाही सेना सिधै राजाप्रति वफादार हुने र नागरिक नेतृत्वसँग उत्तरदायित्वको हिसाबले टाढै रहेको देखिन्थ्यो । नेपालमा लोकतन्त्र स्थापना भएयता एकाध अपवादलाई (जस्तो कि, वि.सं. २०६६ वैशाखमा तत्कालीन प्रधानमन्त्रीद्वारा प्रधानसेनापतिको बर्खास्ती र तत्कालीन राष्ट्रपतिद्वारा उक्त बर्खास्तीको निर्णय खारेजीको घटना) छाडेर समग्रमा सेना र नागरिक नेतृत्वबीचमा ठूलो विवाद वा टकरावको अवस्था देखिएको छैन ।

विसं २०६३ मा माओवादीसँगको विस्तृत शान्ति सम्झौतासँगै सुरु भएको शान्ति प्रक्रिया र राजतन्त्रबाट लोकतन्त्रतिरको राजनीतिक संक्रमणको दौरानमा सेनाबारे नागरिक समाजमा प्रायः यस्ता चिन्ता व्यक्त गरिन्थ्यो-नेपालको सेना राजाप्रति बढी, लोकतन्त्रप्रति कम निष्ठावान् छ। सायद नेपाली सेनाको विगतको विरासत (Legacy) देखि डराएर होला, अहिले पनि केही राजनीतिज्ञमा दरबारसँग नजिकको सामाजिक सम्बन्ध भएको सेनापति आउँदा सशंकित हुने तर दरबारसँग प्रत्यक्ष नाता नजोडिएको सेनापति आउँदा लोकतन्त्र सुरक्षित ठान्ने मानसिकता छ भनिन्छ। अर्कोतिर सेनालाई आफ्नो शक्ति सञ्चयका लागि प्रयोग गर्नुपर्छ भन्ने राजनीतिज्ञहरूको यदाकदा मनसाय रहेका कारण सेनाको नेतृत्व पनि फस्किने गर्छ, भनिन्छ : भैंसीदेखि जोगी तर्सिने, जोगीदेखि भैंसी तर्सिने गर्दछ ।

विगतमा सेनाका जवान र अधिकृतका अपराधलाई अक्सर लुकाउने र दण्डमुक्ति (Impunity) लाई प्रश्रय दिने, सेनाका बजेट र कोषहरू पारदर्शी नहुने, खरिद-बिक्रीमा धेरै घोटाला हुने, शान्ति सेना पठाउँदा आफ्नालाई प्राथमिकता दिने, परराष्ट्र मन्त्रालयलाई थाहै नदिई विदेशी कूटनीतिज्ञलाई भेट्ने, संगठनलाई चुस्त र प्रभावकारी बनाउनुको साटो राज्यकोषमाथि झन् भार थप्ने भनेर सेनाको आलोचना हुन्थ्यो ।

अहिले प्रधानसेनापति पूर्णचन्द्र थापाको नेतृत्वमा सेनामा सुधारका कार्यक्रम सुरु भएका छन्। बेपत्ता पारिएका व्यक्तिको छानविन र सत्य निरुपण तथा मेलमिलापमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता, सैनिक कल्याणकारी कोषको पारदर्शिता बढाउने काम, खरिद-बिक्रीको अपचलन रोक्ने प्रयास, गाडीमा तेल हाल्नेदेखि भत्ता खाने काममा कडा अनुगमन, राष्ट्रसंघमा सेना पठाउने छनौट प्रक्रियामा पारदर्शिता, सेनाको नेतृत्वबाटै सम्पत्ति विवरण सार्वजनिकीकरणको सुरुवात, कार्यसम्पादन करारलाई प्रभावकारी बनाउने अनि सुशासन र सदाचारलाई कार्यसम्पादनसँग जोड्ने प्रयास आदिले समग्रमा सेनाप्रति विश्वास जगाएको छ। यी सुधारहरू कति सफल र संस्थागत हुन्छन्, भविष्यले देखाउने नै छ। तर सेनाभित्र पनि समस्या छ भन्ने महसुस (Realization) आफैँमा राम्रो सुरुवात हो ।

**भावी दिशा**

सेनाले सुरु गरेका सुधारका कार्यक्रमलाई नेतृत्व विकाससँग जोडेर संस्थागत गर्न सकियो भने पक्कै पनि यसले आम नागरिकमा सेनाप्रति अझै भरोसा बढ्नेछ। यसका अतिरिक्त गोप्य राष्ट्रिय सुरक्षाका हकमा बाहेक सेनाको कामकारबाही, बजेट र खर्च आदिबारे नागरिक समाज र आमसञ्चारलाई निर्बाध सूचना प्रवाह गर्नु जरुरी छ ताकि सेना नागरिकको पहुँचभन्दा टाढा छ भन्ने भ्रमलाई चिर्न सकियोस् ।

राजा, राष्ट्रिय अखण्डता र राष्ट्रियता संरक्षणका लागि बलिदान गर्नुपर्छ भन्ने प्रशिक्षण (Schooling) बाट आएको नेपाली सेनाले राष्ट्र र राष्ट्रियता केवल भूगोल र शासक नभएर नागरिकको भावना पनि हो भन्ने यथार्थलाई आत्मसात् गर्नुपर्छ। यसले उत्पीडन र पछौटेपनको सम्बोधन, पहिचान र समावेशिताको प्रत्याभूति र सबै नागरिकको मानव अधिकारको संरक्षण आदिलाई आफ्नो प्रशिक्षणमा समेट्नुपर्छ ।

राष्ट्रिय योजना आयोगले आर्थिक मामिलामा भूमिका खेले जस्तै राष्ट्रिय सुरक्षा परिषद्ले सुरक्षाका मामिलामा

प्रधानमन्त्री, रक्षा मन्त्रालय, सेना र अरु मन्त्रालयसँग नीतिको तर्जुमा र कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्न सक्नुपर्थ्यो, तर राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको क्षमता कमजोर छ ।

नागरिक-सैनिक सम्बन्धका हिसाबले राष्ट्रिय सुरक्षा परिषद्लाई बलियो बनाउने हो भने प्रधानमन्त्रीको मातहतमा एउटा बलियो राष्ट्रिय सुरक्षा सल्लाहकारको पद सिर्जना गर्ने र सुरक्षा परिषद्मा प्राविधिक र व्यावसायिक समिति बनाएर उक्त सल्लाहकारलाई यसको नेतृत्व दिनु जरुरी छ ।

आम जनमानसमा नागरिक-सैनिक सम्बन्धलाई बलियो बनाउन विश्वविद्यालय, अनुसन्धान संस्था, नागरिक समाज र आमसञ्चारको राष्ट्रिय सुरक्षासम्बन्धी अनुसन्धान, बहस र अध्ययनलाई बढावा दिन सरकार र सेनाले आफ्नो कोषबाट रकम छुट्याउने र हरेक वर्ष नियमित रुपमा सुरक्षासम्बन्धी राष्ट्रिय र प्रादेशिक गोष्ठी, सभा र सम्मेलन आयोजना गराउन सकिन्छ ।

**निष्कर्ष**

सैनिक सेवासँग सम्बन्धित गतिविधि बाहेक सेनामा कार्यरत सबैका मानव अधिकार हनन लगायत हत्या, हिंसा, चोरी, पैठारी आदि गैरकानुनी कार्यहरू सैनिक अदालत मातहत नभएर नागरिक अदालत मातहत हेरिनुपर्छ (United Nations, 2005) भन्ने संयुक्त राष्ट्रसंघको विश्वव्यापी मान्यतालाई नेपालको सर्वोच्च अदालतले स्थापित गरिसकेको अवस्थामा सैन्य अपराधबाहेक अन्य जघन्य अपराधलाई नागरिक अदालत मातहत हेर्न सहयोग पुऱ्याए सेनाले अपराधमा उन्मुक्ति खोज्छ भन्ने धारणा बदलिनेछ । सेनाले नियमित रुपले संसदका समितिलाई 'ब्रिफिङ' दिने र सेनाले गरेका विकासका काममा नागरिकको निगरानी बढाउने आदि कामले समेत नागरिक-सैनिक सम्बन्धमा टेवा पुऱ्याउनेछ ।

**सन्दर्भ सामग्री सूची**


Adhikari, I. (2015). *Military and democracy in Nepal,* New Delhi: Routtedge.

Brunean, T.C. & Cristina, F. (Eds) *The Routledge handsbook of civil-military relations,* New York: Routledge.

Chairman of the Joint Chiefs of Staff. (2011). *The National Military Strategy of the United States of America,* p. 16.

Huntington, S. P. (1957). *The soldier and the state: The theory and politics of civil-military relations*, Cambridge: Harvard University Press.

Janowitz, M. (1960). *The professional soldier: A social and political portrait*', Glencoe III: Free Press.

Mukherjee A., (2019). *The absent dialogue: Politicians, bureaucrats, and the military in India,* Modern South Asia.

Raghavan, P. S., (2019). *The evolution of India's national security architecture, Journal of Defence Studies*, 13/3, pp. 33-52

Ray A., (2013), *The Soldier and the State in India: Nuclear weapons, counterinsurgency, and the transformation of Indian civil-military relations:* SAGE Publications India Pvd Ltd, pages.

Schiff R.L., (Fall 1995), *Civil-Military relations reconsidered: A theory of concordance, armed forces & society*, 22/1.

The Economist, (2020), *A major modern general: India's armed forces get their biggest shake-up in decades.*

United Nations, (2005), *Updated set of principles for the protection and promotion of human rights through action to combat impunity.*

Woodward B., (2010), *Obama's wars,* New York: Simon & Schuster.